*"स्वास्थ्य, शिक्षा, कृषि र प्रविधिमा आधुनिकिरण*
*खाँडाचक्र नगरपालिकामा ग्रिन स्मार्ट सिटीको शुरुवाती चरण"*

# आर्थिक वर्ष २०८१/०८२ को
# नीति, कार्यक्रम तथा बजेट

**खाँडाचक्र नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मान्म, कालिकोट**
**कर्णाली प्रदेश, नेपाल**

## "स्वास्थ्य, शिक्षा, कृषि र प्रविधिमा आधुनिकिरण
## खाँडाचक नगरपालिकामा ग्रिन स्मार्ट सिटीको शुरुवाती चरण"

**सभा अध्यक्ष ज्यू,**

सर्वप्रथम म खाँडाचक नगरपालिकाको तर्फवाट सवैमा हार्दिक अभिवादन एवं स्वागत गर्दछु । संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको संविधानवाट स्थापित खाँडाचक नगरपालिकाका नागरिकहरुको प्रतिनिधिमूलक गरिमामय नगरसभाको यस वैठकमा आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति, कार्यकम तथा बजेट प्रस्तुत गर्न खाँडाचक नगरपालिकाको उप प्रमुखको हैसियतले उपस्थित भएको छु ।

देशमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न तथा जनतालाई सार्वभौम एवं अधिकार सम्पन्न वनाउने महान अभियानमा सहादत प्राप्त गर्नु भएका सम्पूर्ण ज्ञात, अज्ञात शहीदहरु प्रति हार्दिक भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै घाईते तथा अपांग नागरिक प्रति उच्च सम्मान ब्यक्त गर्दछु ।

मुलुकमा संघिय शासन व्यवस्था स्थापन भए स्थानीय सरकारले अवलम्वन गरेका लक्ष्यहरुलाइ पुरा गर्न समग्र नगरको सर्वाङ्गिण विकास र सर्वोपरी हितलाई आत्मसाथ गरी हाम्रो नगरलाई समाजवाद उन्मुख समृद्ध नमूना नगर निर्माणको उद्देश्य सहित जनताले दिएको जिम्मेवारीलाई कार्यान्वयन गर्न प्रतिवद्धता सहित यो स्थानीय सरकार आम खाँडाचक्र नगरबासी नागरीकको सेवामा सक्रियतापुर्वक अगाडी वढने प्रतिवद्धता यस सभा मार्फत जानकारी गराउदछु ।

**अध्यक्ष महोदय,**

यस नगरपालिका भित्र थुप्रै अवसर र संभावनाहरु रहेका छन । सकारात्मक सोचका साथ अगाडी वढेर सुन्दर र समुन्नत नगरपालिका निर्माण गर्न सकिने धेरै सम्भाबनाहरुको बिचबाट खाँडाचक नगरपालिकामा भएका सिमित श्रोत साधनहरुलाई भरपुर उपभोग गर्दै संघीय सरकार, प्रदेश सरकार अन्य बिकास साझेदार निकायहरु संग समन्वय तथा सहकार्य गरी नगरपालिकाले लिएको लक्ष्यहरु पुरा गर्न ठूला तथा मझौला आयोजना, योजना एवं परियोजनाहरुलाई योजनाबद्ध तरिकाले बिकास गर्न तपसिल वमोजिमका क्षेत्रहरुमा आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**<u>क.) आर्थिक विकास क्षेत्र</u>**

**कृषि क्षेत्र :**

- खाँडाचक्र नगरपालिका क्षेत्र भित्र कृषि क्षेत्रमा लगानी गर्ने बैंक तथा वित्तिय संस्थाहरु रहेकाले यस नगरपालिका कृषि उद्यम सम्बन्धि परियोजनाहरु विकास गरी कृषिमा लगानी बढाउन बैंक तथा वित्तिय संस्थाहरु सँग अन्तरक्रिया गरिने व्यवस्था मिलाइने छ ।
- खाँडाचक्र नगरपालिका भित्रका वास्तविक कृषकहरुको विधुतिय माध्यमबाट कृषक सूचीकरण गरी कृषक प्रमाण पत्र उपलब्ध गराउने कार्य संचालनमा ल्याइएको छ चालु आ. व. मा थप निरन्तरता दिइने छ ।
- कृषि उत्पादनलाई चाहिने मल, बीउ, बिषादी, औषधी, उपकरण र अन्य आवश्यक सेवाहरु समुदाय स्तरमा पुग्ने गरी व्यवस्था मिलाईने छ ।
- खाँडाचक्र नगरपालिकामा खाद्य सुरक्षा तथा खाद्य सम्प्रभूताको मौलिक हकलाई कार्यान्वयन गर्न पहल कदमीकारुपमा यस बर्ष भित्र **एक वडा, एक टोल, एक कृषि उत्पादन** गर्ने कार्य योजना तयार गरि व्यवसयीक खेती गर्न कृषकलाई बिउ तथा कृषि औजार उपकरणको खरिद अनुदान दिने व्यवस्था मिलाईने छ ।

- कृषि उत्पादक र उपभोक्ता बीच रहेका धेरै तहका मध्यस्थकर्तालाई घटाइ कृषि उत्पादनको बजार मुल्यको अधिकतम हिस्सा किसानसम्म पुर्याउन समूह सहकारी मार्फत कृषि हाट बजारको व्यवस्था मिलाइने छ ।
- यस नगरपालिका भित्र फलफुल, तरकारी र उच्च मूल्यका कृषि वस्तुहरुको व्यवसायिक उत्पादन गर्ने पकेट क्षेत्र घोषणा गरी किसानलाई मौरी पालन, च्याउ खेती, फलफुल व्यवस्थामा आकर्षण गर्न प्रोत्साहन गरिनेछ ।
- कृषि उत्पादन बजारीकरण तथा विकासका लागि ग्रामिण पूर्वाधार तथा कृषि सडकहरु विकास गरी खाद्यान्न, तरकारी, फलफुल जस्ता कृषि उपज संकलन केन्द्रहरु सम्म पुराउने व्यवस्था मिलाइने छ । यस्ता बाटो नपुगेका ग्रामिण क्षेत्रहरुको कृषि उपजका बजारमा पहुँच बढाउन बाटो पुगेका स्थानमा निर्माण भएका कृषि संकलन केन्द्रहरुलाई संचालनमा ल्याइने छ ।
- खाद्य तथा पोषण सुरक्षाका लागि **"एक घर एक करेसाबारी"** स्थापना गर्न नगरवासीलाई आव्हान गरी यसका लागि स्थलगत तालिम दिने व्यवस्था मिलाईने छ ।
- यस नगरपालिकामा चालु आ.व. मा स्थापना गरिएका कृषि बीउ बैंकलाई अनुदान दिई जिल्ला भरमा आवश्यक पर्ने स्थानीय स्थरमा पाइने रैथाने आन्न बालीहरु (मकै, कोदो, कागुनो, जुनेली, फापर, चिनो) र प्राकृतिक प्रकोपबाट लोप भएका अन्नबालीलाई संकलन र प्रर्वद्धनका लागी कृषकहरुलाई अनुदानको व्यवस्था मिलाईने छ ।

**पशु सेवा :**

- समुह/समितिलाई नयाँ दर्ता तथा नविकरण गराइने व्यवस्था मिलाईने छ ।
- खाँडाचक्र नगरपालिका कृषकहरुको गाई, भैसी, भेडा, बाख्रा उन्नत जातका लागि नश्ल सुधारका साथै कृत्रिम गर्भधान कार्याक्रमलाई निरन्ता दिइने छ ।
- यस नगरपालिका भित्र का पशुपंक्षीहरुलाइ औषधि उपचार खोप जस्ता सेवाहरु उपलब्ध गराईने छ ।
- खाँडाचक्र नगरपालिकामा आधारभूत प्रयोगशालाको स्थापना भएको हुदा उक्त प्रयोगशालालाई व्यवस्थित गरिने छ ।
- लम्पी स्कीन रोगको महामारी नियन्त्रणको लागि खोप तथा उपचारको व्यस्थापन गरिने छ ।
- एक वडा एक प्राविधिक व्यवस्थापन गरी सेवा सन्चालनमा टेवा पुऱ्याइइने छ ।
- यस खाँडाचक्र क्षेत्र भित्र रहेका पशुपंक्षीमा आकस्मीक रोग फैलिन गएमा रोकथामको प्रक्रिया अपनाइने छ ।
- सामुदायिक पशु सेवा प्रशार सेवा केन्द्रमा चेकपोष्टको रुपमा स्थापना गरी आन्तरीक राजश्वमा वृद्धि गरिने छ ।
- एक वडा एक प्राविधिकको व्यवस्था गरी सेवालाई थप व्यवस्थित गराईने छ ।
- नगरपालिका वजार भित्र निर्मित वध स्थल र मासु पसलहरुलाई व्यवस्थित गरी मासु वेचविखनमा एकरुपता ल्याईने छ ।

**पर्यटन विकास :**

१ प्राकृतिक, संस्कृतिक, जैविक बिबिधता संरक्षण प्रर्वद्धन गर्दै खाँडाचक्र नगरपालिकालाई रमणीय सुरक्षित गन्तब्य स्थानका रुपमा विकास गरिने छ ।

२ चुलिमालिका पंचदेवल मन्दिर, कोटदरबारलाई धार्मिक तथा ऐतिहासिक पर्यटन क्षेत्रको रुपमा विकास गरी अन्तरिक तथा बाह्य धार्मिक पर्यटकहरुलाई भित्राउन आवश्यक पुर्वाधार विकास गर्ने व्यवस्था मिलाइने छ ।

३ विभिन्न पर्यटन क्षेत्र, स्थानीय धार्मिक स्थान, कर्णाली दोभान लगाएतका थुप्रै पर्यटकीय क्षेत्रहरुको संरक्षण गरी चलचित्र पर्यटनको रुपमा विकास गरिने छ ।

४ पिलिलाई युध्द पर्यटकीय क्षेत्रका रुपमा थप विकास गरिने छ ।

थोरेमा रहेको प्राकृतिक नेपालको नक्शा संरक्षण गरी प्रचार प्रशार गरी बिशेष जोड दिइने छ । पर्यटन बिशेस सुरक्षा नीति अवलम्बन गरिने छ ।

५ खाँडाचक्र नगरपालिका भित्रका होटेल तथा अन्य ब्यबसायहरूलाई पर्यटक मैत्री सूचना प्रबाह पर्यटक आकर्षक गर्ने व्यवस्था गर्न आवश्यक तालिम तथा स्तर वृद्धि गर्ने व्यवस्था गरिने छ ।

६ लुवारेकोट पर्यटन पार्कलाई थप व्यवस्थित गरिने छ ।

७ कालिकोट जिल्ला को प्रसिद्ध चुलिमालिका मन्दिरको मर्मत तथा जिउली र नैनीकाधमा धर्मशाला निर्माण गरी पर्यटकिय क्षेत्रको विस्तार गरिने छ ।

८ वडा नं. ६ मा रहेको तिसेली गुफालाई प्रचार प्रशार गरी पर्यटकीय क्षेत्रमा विस्तार गरिने छ ।

**उद्योग बाणिज्य :**

१ नगरपालिका क्षेत्र भित्रका उद्धमी तथा व्यवसायीहरुलाई प्रबर्द्धन गरि छरिएका साना ब्यबसायी एकीकृत तथा साना ब्यबसायी उद्धम संचालनमा सहयोग गर्न आवश्यक संचालन गरिने छ ।

२ यस नगरपालिकामा उपलब्ध जडिबुटीहरु प्रशोधन तथा प्रोसेसिङ्ग कार्य गर्न जडीबुटीहरु उधोग संचालन गरी आन्तरिक आयमा बृधि गरिने छ ।

३ यस नगरपलिकाका वजार क्षेत्र तथा सडक छेउछाउका साना बजार, गाउघरमा रहेका होटेल पसल तथा साना ब्यबसायी दर्ता गर्न लगाई सुचिकृत गरिनेछ ।

४ दर्ता भई संचालनमा आएका ब्यबसायिहरुलाई करका दायरामा ल्याई नगरापालिकाले लियको आगामी वर्षको राजस्व संकलनको लक्ष्य पुरा गर्न कार्यविधि निर्माण गरि कडाईका साथ कार्यान्वयनमा ल्याईने नीति लिएको छ ।

५ नगरपालिका भित्रका बेरोजगार युवायुवतीका लागि नयाँ प्रबिधि युक्त सिप विकास कार्यक्रम अन्तर्गत युवा संलग्न उधोग स्थापना गरि कृषि बस्तु प्रसोधन तथा बजरिकरण गरी रोजगार सिर्जना गरिनेछ ।

६ खाँडाचक्र नगरपालिका भित्र अति गरिब परिवारलाई लक्षित गरि साझा सुबिधा केन्द्रको स्थापना गरि आवश्यक सेवा सुबिधा ब्यबस्था गरिनेछ ।

७ लघु तथा घरेलु उधोग संचालन गरिरहेक उधमिलाई आवश्यकताको आधारमा सिप विकास तालिम तथा प्रबिधी हस्तान्तरण गरिने छ ।

८ स्थानीय श्रम ,सिप तथा श्रोत साधनको अधितम परिचालन गर्दै दिगो औधोगिक विकास कायम गर्न रा लघु गरेलु तत्थ साना उधोगको प्रबर्द्धन गर्ने लक्ष्य लिएको छ ।

**सहकारी :**

१ नगरपालिका क्षेत्रभित्र कार्यक्षेत्र बनाई सहकारी डिभिजन कर्यलायाबाट हस्तान्तरण भएका सम्पूर्ण सहकारी संस्थालाई थप व्यवस्थित गराइने छ ।

२ गरिबी निवारणकोषबाट प्रवर्द्धित सामुदायिक संस्थाहरुमा रहेको कोषको रकम लागत राख्रे र सो रकम मार्फत रोजगारी सिर्जना, आयआर्जन र उत्पादनमुलक कार्यमा परिचालन गर्न सामुदायिक संस्थाहरुलाई सहकारी प्रणाली रुपान्तरण गरिने छ ।

३ सहकारीलाई आन्तरिक अर्थतन्त्रको महत्वोपुर्ण खम्बाको रुपमा कम गर्ने भएकाले एक नगर अनेकै उधममुखी सहकारी कार्यक्रमलाई प्रोत्साहन गरिने छ ।

**ख.) सामाजिक विकास क्षेत्र**

**शिक्षा :**

१. खाँडाचक्र नगरपालिका भित्रका सम्पुर्ण शैक्षिक संस्थाहरुमा शिक्षा सुधार योजना र शिक्षा सुधार रणनीति कार्यान्वयनमा ल्याईने छ ।

२. बालबालिकाहरुका सर्बाङ्गिक बिकासका लागि बिद्यालय स्तरीय तथा अन्तर बिद्यालय स्तरीय अतिरिक्त क्रियाकलापहरु संचालन तथा बिद्यालय स्तरीय बाल क्लब गठन तथा पुनर्गठन र अभिभाबक, शिक्षक, बिद्यार्थी बिच गुणस्तरीय शिक्षा सम्बन्धी बिभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।

३. यस नगरपालिका भित्रका सामुदायिक अध्ययन केन्द्रहरुलाई व्यवस्थितरुपमा सञ्चालन गरी सुचना केन्द्रको रुपमा विकास गरिने छ ।

४. शिक्षाको गुणस्तर वृद्धिका लागि शिक्षक तालिम, शैक्षिक सामग्री निर्माण, शिक्षक-अभिभावक, विधार्थी व्यबस्थापन समिति बिच अन्तरक्रिया भेला, अभिभावक भेला गरिने छ ।

५. यस नगरपालिका भित्र प्रारम्भिक बालबिकास व्यबस्थापनलाई उच्च प्राथमिकता दिदै संचालित बालबिकास केन्द्रहरुलाई ब्यबस्थापन गर्न नगरपालिकावाट थप भएका बाल बिकास केन्द्रलाई ब्यवस्थित गरिने छ ।

६. यस नगरपालिका भित्रका सवै विद्यालयहरुमा वृक्षारोपण गरी हरियाली पूर्ण विद्यालय निमार्ण गरिने छ ।

७. विद्यालयमा पठन पाठनलाई व्यवस्थित वनाइ शिक्षकहरुको क्षमता पुनर्ताजगी गर्नको लागि तालिमको व्यवस्था गरिएको छ ।

८ यस नगरपालिका भित्र संचालित विद्यालयहरुको शिक्षक/विद्यार्थीहरुवाट उत्कृष्ठ पहिचान गरी पुरस्कारको व्यवस्था गरिने छ ।

१०. यस नगरपालिका भित्रका सबै बाल विकास केन्द्र, गुरुकुल विद्यालयहरु बाल, अपाङ्गता, लैंगिक रुपमा पहुँचयुक्त खानेपानी, सरसफाई तथा स्वच्छता सुविधाको सुनिश्चिता गरी तीन तारे विद्यालयहरुको विकास बिस्तार तथा घोषणा गर्ने कार्य गरिने छ ।

११. विद्यालय शिक्षा क्षेत्रमा सहयोग गर्ने विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसंग साझेदारी कार्यक्रम संचालन गर्न समन्वय तथा सहकार्य गरी विद्यालय शिक्षा कार्यक्रम संचालन गर्ने नीति अवलम्वन गरिने छ ।

१२. प्रविधि मैत्री शिक्षा कार्यक्रम संचालनका लागि नगर क्षेत्र भित्रका सवै विद्यालयहरुमा विशेष पहल गरिने छ ।

१३. यस नगर भित्रका कक्षा ८, १० र १२ को परीक्षामा उत्कृष्ट अंक प्राप्त गर्ने जेहेन्दार विद्यार्थीलाई नगद पुरस्कार सहित सम्मान गर्ने व्यवस्था मिलाईने छ ।

१४. सबै विद्याालय उमेरका बालबालिकाहरुलाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित आधारभूत शिक्षाको पहुँच बढाउन प्रारम्भिक बाल कक्षाका निर्धारित मापदण्ड अनुरुप बसाई व्यवस्था, सरसफाई, खेलकुद सामाग्री, सिकाई सामाग्री, मनोरन्जन सामाग्री, रेडियो कार्यक्रम, कक्षा कोठा व्यवस्थापन, करेसाबारी आदिमा लगानी गरी बालमैत्री विद्ययालयको व्यवस्थापनमा जोड दिई नमुना बिद्यालय बनाईने छ ।

१५. विद्यालय बाहिर रहेका सबै बालबालिकाहरुलाई विद्यालयको पहुँच बढाउन विद्यलय भर्ना कार्यक्रमलाई थप व्यवस्थित गरिने छ ।

१६. विद्यालयमा अध्ययनरत सम्पुर्ण बालबालिकाहरुमा स्वास्थ्य र पोषणको पहुँच पुर्याउन सबै विद्यालयहरुमा कम्तीमा वर्षको २ पटक स्वास्थ्य जाँच सेवा उपलब्ध गराउन स्वास्थ्य संस्था र विद्यालय नर्सलाई परिचालन गरिने छ ।

१७. यस नगरपालिका क्षेत्र भित्र वसोवास गर्ने आधारभूत तहमा अध्ययनरत अपांग, असहाय, टुहुरा वालवालिकाको निम्ती आवासीय विद्यालय संचालन गर्ने ब्यवस्था मिलाईने छ ।

१८. यस नगरपालिका भित्र निजी क्षेत्रवाट संचालित समता स्कुल लगायत अन्य शैक्षिक संस्थाको ब्यवस्थापन पक्षलाई सुधार गरिदै लिईने छ ।

- अपाँङ्गता भएका व्यक्ती तथा वैदेशिक रोजगारीमा काम गर्ने सिलसिलामा मृत्यु भएका परिवारका बालबालिकालाइ शिक्षामा विशेष अवसर सुनिश्ति गरिने छ ।
- प्रत्येक विद्यालयमाविद्यार्थि मनोसमाजिक परामर्शका लागी व्यवस्था मिलाउन पहल गरिने छ र स्थानीय पाठ्यक्रममा मानसिक स्वास्थ्य सम्बन्धी विषय समावेश गरिने छ ।
- बालबालिकाको मानसिक स्वास्थ्य प्रवर्धनका लागि बालमैत्रीकक्षाकोठा ब्यवस्थापन, सकारात्मक अनुशासन विधिको प्रयोग, जीवनोपयोगी सीपको अभ्यास, अभिभावकमनोशिक्षा अत्तिरित्त विद्यालयमा आधारित मनोसमाजिक प्रवर्धनात्मक लगायतका गतिविधिहरु विद्यालयहरुमा सञ्चालन गर्नको लागि शिक्षकहरुको क्षमता अभिबृद्धि गरी नियमित कार्यान्वयन गरिनेछ ।
- प्राकृतिक विपद, महामारी लगायतका समयमा बालबालिका, शिक्षक तथा अभिभावकमा देखिने डर, त्रास लगायतको मनोसामाजिक समस्यालाई सम्वोधन गरी पूर्ववत अवस्थामा ल्याउनको लागि जनशक्तिको विकास र परिचालन विपद तथा महामारीजन्य परिस्थितीमा बालबालिकाहरुका लागि मनोसामाजिक सहयोग कार्यक्रम संचालन गरिनेछ ।
- मानव श्रोत तथा बिकास केन्द् सानोठिमीद्धारा तयार पारिएको विद्यालय मनोसामाजिक परामर्श र शिक्षकहरुको तनाव ब्यवस्थापन सम्वन्धी तालिम प्याकेजको कार्यान्वयन गरी विद्यालयस्तरमा शिक्षकहरुको क्षमता अभिबृद्धि गरी सवै विद्यालयहरूमा क्रमश कार्यान्वयन गरिनेछ ।
- विपदको अवस्थामा प्रभावित ब्यक्तिहरुको लागि प्राथमिक मनोवैज्ञानिक सहयोग र विद्यालयस्तरमा समूहमा बेहोस हुने वा मास कन्र्भसन डिर्सअडरको ब्यवस्थापनको लागि दुर्त प्रतिकार्य टोलीको नियमित क्षमता अभिबृद्धि गरि यथासक्य छिटो सेवा प्रवाह गरिनेछ ।
- विद्यालयमा आत्महत्या रोकथाम तथा खसीट्युरी रोकथाम कार्यक्रम सचालन गरिने छ ।

- आम सञ्चारका माध्यमबाट बालबालिका तथा किशोरकिशोरीहरुको मानसिक स्वास्थ्य, मनोसामाजिक समस्या र मनोसामाजिक सहयोगको बारेमा उपयुक्त भाषा, शैलीमा सूचनाका सामग्रीहरु तयार गरी प्रसारण गरिनेछ ।
- बालबालिका तथा किशोरकिशोरीको मानसिक स्वास्थ्यको बारेमा शिक्षक, अभिभावक, विद्यालय ब्यवस्थापन समिति र शिक्षक अभिभावक संघ लाइ अभिमुखीकरण गरिने छ ।
- विद्यालयका पुराना भौतिक संरचनाहरु सुधार गर्दै नयाँ संरचनाहरु सबैको पहुँचयुक्त निर्माण गर्न पहल गरिने छ ।
- विद्यालयहरुमा गुनासो सुनुवाइ वाकसको प्रयोग र छुट्टै विद्यार्थी मनोसामाजिक परामर्श कक्षको व्यवस्थापनमा पहल गरिने छ ।

- **युवा तथा खेलकुद :**

१. यस नगरपालिका भित्रका वेरोजगार युवाहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम, मुख्यमन्त्री रोजगार कार्यक्रम र नगरपालिकाका पूर्वाधार तर्फका योजनाहरुमा साझेदारी कार्यक्रम मार्फत रोजगार ब्यवस्थापन सूचना प्रणालीमा दर्ता भएका वेरोजगार युवालाई रोजगारीको सृजना गरिने ब्यवस्थालाई निरन्तरता दिईने छ ।

२. यस नगरपालिका भित्रका युवाहरुलाई प्रबिधि बिकास, सिप बिकासमा विशेष जोड दिदै आबश्यक नीति, नियम र कार्यक्रम बनाई कार्यान्वयन गरिने छ ।

३. यस नगरपालिका भित्रका युवा उद्यमी तथा उद्योग संचालन गरी रोजगारी सृजना गरिने उद्योग तथा उद्यमीहरुलाई प्रोत्साहनको ब्यबस्था मिलाईने छ ।

४. यस नगरपालिकामा खेलकूद कार्यबिधि निर्माण गरी नगर स्तरीय तथा वडा स्तरीय खेलकूद समिति गठन गरी सोही अनुसार परिचालन गरिने छ ।

५. यस नगरपालिकामा नगर स्तरीय खेलकूद मैदान निर्माण गर्ने तथा एक वडा एक खेल मैदान निर्माण गर्ने कार्यलाई विशेष जोड दिईने छ ।

६. नगर स्तरीय तथा जिल्ला स्तरिय संचालन हुने खेलकूद प्रतियोगिता तथा राष्ट्रपति रनिङ शिल्डलाई नियम संगत अनुशासित र मर्यादित बनाउदै प्रतिस्पर्धी खेलाडी उत्पादन गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय खेलाडी उत्पादनमा बिशेष जोड दिईने छ ।

७.यसै आ.व देखी वडा नं १ देखी वडा नं ११ सम्मका यूवाहरु लाई उद्यमशिल बनाउन नगर प्रमुख सँग यूवा संवाद कार्यक्रम संचालन गरिने छ ।

**खानेपानी तथा सरसफाइ :**

१. खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी तथ्यांकहरुको नियमित अध्यावधिक तथा व्यवस्थापन गर्ने । साथै खानेपानी, सरसफाई तथा स्वच्छता सेवा नपुगेका बस्तीहरुको पहिचान गरी प्राथमिकताका आधारमा सेवा सुनिश्चिता गर्न विशेष पहल गरिने छ ।

२. खानेपानीको सतह तथा भुमिगत पानीको श्रोतहरुको जलाधार क्षेत्रलाई पानीका गुणस्तर र परिमाण कायम राख्न जलाधार क्षेत्रको संरक्षण एब सर्म्वद्धन गरी पानीको मुल परीक्षण गर्ने कार्यलाई उपभोक्ता समुहवाट निरन्तरता दिने व्यवस्था मिलाईने छ ।

३. खानेपानी, सरसफाइ तथा स्वच्छताका कृयाकलापहरुको समग्र अवस्थाको जानकारी अध्यावधिक गर्न एबं सुचनामा आधारीत योजना तर्जुमा निर्माण गर्नका लागि खानेपानी मन्त्रालय अन्तर्गतको खानेपानी ढल ब्यवस्था विभागले निर्माण गरेको ऐनवास मोवाइल एप्लिकेशन प्रयोग गरी नगरपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छताको आवधिक योजना निर्माण गर्ने र यथाशक्य कार्यान्वयनका लागि पहल गरिने छ ।

४. नगरपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुमा पहुँचयुक्त खानेपानी, सरसफाई तथा स्वच्छता सुविधाको निर्माण गरी सुरक्षित एबं पहुँचयुक्त स्वास्थ्य सेवाको उपलब्धताको बातावरण निर्माण गरिने छ ।

५. नगरपालिका भित्रका सबै बस्तीहरुमा फोहोरको उचित ब्यवस्थापन तथा विर्सजनका लागि जनचेतना अभिबृद्धिका साथै फोहर ब्यवस्थापनको नीति लाइ कार्यान्वयनमा ल्याउन पहल गरिने छ ।

६. नगरपालिका भित्रका सबै सार्बजनीक स्थलहरुमा ब्यवस्थित खानेपानी, शौचालय र साबुन पानीले हात धुने सुबिधा निर्माण तथा ब्यवस्थापन गर्न पहल गरिने छ ।

७. खानेपानी तथा सरसफाई क्षेत्रको मर्मत, संभार तथा निर्माण गर्दा जलबायु तथा बिपद् उत्थानशिलता सम्बन्धी क्रियाकलापहरुलाई अनिवार्य रुपमा आत्मसाथ गरी कार्यान्वियन गरिने छ ।

८. सार्बजनिक यातायात तथा बस बिसौनी र अन्य सार्बजनिक क्षेत्रमा भएका सार्बजनिक शौचालय मर्मत गरी थप सार्वजनिक शौचालय निर्माण गरी संचालनमा ल्याईने छ ।

९. पानीका मुहान सरंक्षणका लागि मुहान वरिपरी बृक्षारोपण गरी वातावरण तथा जलबायु परिबर्तन र अनुकुलनका कार्यक्रमहरु संचालन गर्न पहल गरिने छ ।

१०. खाँडाचक्र नगरपालीका वडा नं ५ र ६ मा संचालित ढडार खानेपानी आयोजना आ.व २०८०।०८१ मा सम्पन्न गरी वडा ५ र ६ मा खानेपानी वितरण गरिने छ । साथै वडा नं १,२,३ र ४ मा संचालित चुलिमालिमा वृहत खानेपानी आयोजना निमार्ण कार्य तिव्रताका साथ समय सिमा भित्र सम्पन्न गर्न विशेष पहल गरिने छ ।

११. यस नगरपालिकाको वजार क्षेत्रमा सृर्जित फोहोरमैला ब्यवस्थापनका लागि ब्यवस्थित डम्पिङ्ग साईट र उपयुक्त ढल निकासको ब्यवस्थाका लागि आवश्यक पहल गरिने छ ।

१२. नेपाल सरकारको लक्ष्य वमोजिम एक घर एक धाराको नीतिलाई अवलम्वन गर्दै यस नगरपालिकाले प्रत्येक जनताको घर घरमा सुरक्षित खानेपानीको पहुच पुर्‍याई खानेपानी योजनाहरुमा खानेपानी महशुल उठाउने कार्यलाई ब्यवस्थित गरी खानेपानीयुक्त नगरपालिका निर्माणका लागि युनिसेफ नेपाल र कर्णाली जल परियोजना लगायत अन्य साझेदार दातृ संस्थाहरुसंग साझेदारी गरी आवश्यक ऐन, नियम तथा मापदण्ड आधारमा सुरक्षित खानेपानी दिगो पहुचको सुनिश्चितताका लागि कार्यक्रमलाई थप निरन्तरता दिई कार्यान्वियन गरिने छ ।

१३. हाम्रो नगर, राम्रो नगर वनाउने उद्देश्यका साथ खाडाचक्र बजारको क्षेत्रको सरसफाई लगायतको उचित ब्यवस्था गर्न विशेष पहल गरिने छ ।

१४. जल उपयोग गुरु योजना तयार/अद्यावधिक गरी सोही अनुसार विद्यमान सबै खाले खानेपानी, सिँचाई तथा बहुउपयोगी लगायतका जलस्रोत सँग सम्बन्धित योजनाहरुको सञ्चालन तथा व्यवस्थापकीय अवस्था अद्यावधिक गरी सबै समितिहरुलाई जलस्रोत ऐन बमोजिम दर्ता एवं अद्यावधिक र नवीकरण गर्ने व्यवस्था मिलाई नगरपालिका स्तरमा सो क्षेत्रको सूचना व्यवस्थापन प्रणाली स्थापना गरिने छ ।

१५. पानीका श्रोतहरुको पहिचान गरी त्यसको क्षमता, उपयोग र संरक्षण गर्न नगरपालिका भित्र रहेका सम्पुर्ण पानीका श्रोतहरुको मापन र गुणस्तर परीक्षण गरिने छ, जसबाट गुणस्तरीय र दिगो खानेपानी आपुर्ती तथा बितरणमा सहयोग गरिने छ ।

१६. पृथ्वी सबै जीबको साझा घर हो त्यसैले जलाधार क्षेत्र र जैबिक विविधताको संरक्षण गर्नु हाम्रो दायित्व हो । यसका लागि जैविक विविधता तथा वातावरण संरक्षण सम्बन्धि आबश्यक नीति तथा कानूनको निर्माण गरी सोही अनुसार जलाधार क्षेत्रको विकास र जैविक विविधता संरक्षण गर्दै पानीका श्रोतको संरक्षण तथा पुनःभरण अभियान संञ्चालन गरिने छ । उक्त अभियान सञ्चालन गर्न दातृ संस्थाहरुसँग समपुरक कोषको प्रावधानलाई समेत प्राथमिकतामा राखिने छ ।

१७. बिभिन्न रोग तथा महामारीबाट बच्न व्यक्तिगत, वातावरणीय, घरयासी सरसफाई र आनीबानी परिबर्तनको महत्वपुर्ण भुमिका रहन्छ यसैलाई मध्यनजर गर्दै **"स्वच्छ निरोगी हामी, नियमित हातधुने बानी"** भन्ने अभियान सञ्चालन गरी आगामी ५ वर्ष भित्र शत प्रतिशत घरमा हात धुने स्टेसन निर्माण कार्यलाई निरन्तरता दिई अभियानरुपमा सञ्चालन गरिने छ । साथै ठोस, तरल तथा दिशाजन्य लेदो फोहोरको व्यवस्थापनका लागि नगरपालिकामा आबश्यक नीति र योजना तयार गरी सोहि अनुसार कार्यान्वयन

- एक घर एक धाराको कामको निरन्तरता दिई निमार्ण गरिएका खानेपानी आयोजनाकाहरुको मर्मत सम्हार गरी सवै खानेपानीआयोजनाहरुमा खानेपानी सुरक्षा योजना लागु गरी खानेपानी शुद्धिकरण गरिने छ ।
- कम्तीमा ५ वटा खानेपानी आयोजनामा पानी शुद्धिकरण गर्नका लागि Auto Dosing मेसिन जडान गरी पानी शुद्धिकरण गरि लाभान्वित घरधुरीमा सुरक्षित खानेपानी पुर्याइने छ ।
- विद्यालयहरुमा खानेपानी सुरक्षा योजना लागु गरी विद्यालयलाई ३ तारे विद्यालयको रुपमा अगाडि वढाईने छ ।

**स्वास्थ्य :**

- यस नगरपालिकाका स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुन नसकेका महिलाहरुलाई स्वास्थ्य संस्थाले रेफर गरेमा रेफर गरेको स्वास्थ्य संस्था सम्म निशुल्क यातायात सुविधा प्रदान गर्नका लागि बजेटको व्यवस्था मिलाईएको छ ।
- स्वास्थ्य संस्थाहरुमा नियमित गर्भवती जाच र सुत्केरी हुन सेवा लिएका महिलाहरुलाई पोषण कोशेली कार्यक्रम संचालनलाई नियमितता गरिएको छ ।
- महामारी तथा प्रकोपजन्य रोगहरुको समयमा व्यवस्थापन गर्न आवश्यकता अनुसार चेतनामुलक कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- नगर तथा जिल्लामा उपलब्ध जडीवुटीको व्यवस्थापन गर्न नगरस्तरीय आयुर्वेद औषधालयलाई थप ब्यवस्थित गरी संचालन गरिनेछ ।
- नगरपालिका स्तरीय स्वास्थ्य क्षेत्रको आवधिक योजना तयार गरी कार्यान्वयनलाई निरन्तरता दिईने छ छ ।
- लामो समयमा काम गर्दै आइरहेका महिला स्वास्थ्य स्वयमसेविकालाई सम्मानजनक विदाई गरिने कार्यक्रमलाई निरन्तरता दिइएको छ
- स्थापित आधारभुत स्वास्थ्य सेवा केन्द्रहरुलाई नियमित संचालनका लागि आवश्यक वजेट व्यवस्थापन गरिने छ ।
- स्वास्थ्य सेवाको पँहुच भन्दा टाढा रहेका वस्तीहरुको सामुहिक नक्सांकन गरी सुक्ष्म योजना तयार गरीने छ ।
- गर्भवती महिलालाई स्वास्थ्य स्थितिको जाँच तथा संस्थागत सुत्केरीको संस्थामा बृद्धि गर्न र मातृ तथा नवशिसु मृत्युदरलाई घटाउन ग्रामीण भिडियो एक्सरे सेवालाई थप ब्यवस्थित गरी निरन्तरता दिइने छ ।
- स्वास्थ्य संस्थामा हुने सुत्केरी दर वृद्धि गर्न वर्थिङ्ग सेन्टरहरुको स्थापना गरी सेवा संचालन गरिने छ ।
- स्वास्थ्य संस्थामा आउने विरामीहरुलाई नेपाल सरकारले तोके अनुसार निशुल्क औषधी उपलव्ध गरिने छ ।

- खाँडाचक्र नगरपालिकालाई पुर्ण खोप सुनिश्चितता तथा दिगोपना कायम राखी २ वर्ष मुनिका वालवालिकाहरुलाई पुर्णखोप प्रदान गरिने छ।
- यस नगरपालिकालाई लागु औषध, धुम्रपान, मद्यपान र जंकफुड रहित वनाउन विभिन्न संघ संस्थाहरुको समन्वयमा सचेतनामुलक कार्यक्रम संचालन गरी लागु औषध तथा मद्यपान र जंकफुडको प्रयोगलाई निरुत्साहित गर्न कार्यक्रम संचालन गरिने छ।
- यस नगरपालिकामा सुनौला हजार दिनका आमाहरुलाई आमा र वालवालिका लक्षित वहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारीरुपमा संचालन गर्न यस नगरपालिले थप समपुरक कोष समेत बजेट व्यवस्था गरेको छ।
- खाद्य असुरक्षा तथा पोषणको जोखिममा बढी महत्व दिई आधारभूत खाद्य उपलब्धता सुनिश्चित गर्न "बहु क्षेत्रिय पोषण योजना-दोस्रो" अनुसार स्वास्थ्य, शिक्षा, कृषि, पशु, खानेपानी तथा सरसफाईसँग सम्बन्धित कार्यक्रमहरु एकीकृत गरी लक्षित समुदायमा कार्यान्वयन गरीने छ।
- गर्भवती, सुत्केरी एवं नवजात शिशु स्याहारमा विशेष महत्व दिन "हरेक बार खाना चार" सबैका घर/घरमा करेसाबारी बनाउन महिला स्वास्थ्य स्वयंसेविका एवं स्वास्थ्य क्षेत्रमा कार्यरत सघं संस्थाहरुसँग सहकार्य, समन्वय गरी परिचालन गरिने छ।
- मानसिक स्वास्थ्यको क्षेत्रमा स्वास्थ्य कर्मीहरुको क्षमता अभिवृद्धि गरि सेवामा टेवा पुराइने छ।
- नगरपालिकालाई क्षयरोग मुक्त नेपाल अभियान अन्तर्गत विभिन्न कार्यक्रमहरु सचालन गरी क्षयरोग अन्तयका लागि विशेष पहल गरिने छ।
- किटजन्य रोग नियन्त्रणका लागि विशेष कार्यक्रम संचालन गरी रोगलाई नियन्त्रणमा ल्याउन पहल गरिने छ।
- स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा, मापदण्ड, गुणस्तर मुल्यांकनको आधारमा स्वास्थ्य सेवालाई गुणस्तरीय वनाउन थप कार्यक्रम संचालन गरिने छ।
- गर्भवती, सुत्केरी महिला र ६ महिना देखि २ वर्ष सम्मका वालवालिकाहरुलाई वितरण गरिने पोषिलो आहारलाई निरन्तरता दिईने छ।
- मानसिक स्वास्थ्य तथा मनोसामाजिक नीति रणनैतिक कार्ययोजना तयार गर्ने तथा सोको प्रभावकारी कार्यान्वयनका निम्ती विभिन्न खालका प्रवर्धनात्मक, रोकथाममूलक कार्यक्रम र उपचारात्मक सेवा लागु गरिने छ ।
- मनोसामाजिक सुस्वास्थ्यको प्रवर्धन गर्न तथा मानसिक रोग प्रतिको गलत धारणा, अन्धविश्वास, भम्र र मिध्याकथन हटाउन विद्यालय र समुदायस्तरमा जनचेतना अभिबृद्धि गरिने छ ।
- मानसिक स्वास्थ्य समस्या भएका व्यक्ती, मनोसामाजिक अपाँङ्गता भएका व्यक्तीहरुलाइ आधारभुत स्वास्थ्य सेवा नितीले अवलम्बन गरे अनुसार मानसिक स्वास्थ्य सेवामा सहज, सुलभ र समान पहुँच सुनिश्चित गरिने छ । सो को लागि आवश्यक स्रोत, साधन, जनशक्ति र संयन्त्रको ब्यवस्थापन क्रमश गरिदै लगिनेछ ।
- बालबालिका किशोर किशोरी तथा सुनौलो हजार दिनका आमाहरुलाई मानसिक स्वास्थ्य कार्यक्रम संचालन गरिने छ ।
- अपाङ्गता भएका व्यक्ति, मनोसमाजिक अपाङ्गता भएका व्यक्ति मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति र हिंसा प्रभावित व्यक्तिलाई नेपाल सरकारले अवलम्बन गरेको स्वास्थ्य बिमा कार्यक्रममा क्रमशः समावेश गरि सेवा प्रवाहमा जोड दिइने छ ।
- मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने औषधी र मनोपरामर्श सेवा नगरपालिकाले निःशुल्क उपलब्ध गराउनेछ । अपाङ्गता भएका ब्यक्तिहरुले पनि

स्वास्थ्य सेवाबाट उपलब्ध गराईने सेवामा पहुँच बढाउनको लागि अपाङ्गतामैत्री संरचना लगायत पहुँच बढाउने खालको प्रविधि विकासमा जोड दिईनेछ ।

- मनोसामाजिक अपाँङ्गता भएका व्यक्तीहरूलाइ प्रचलित कानून र निर्देशिकाको अधिनमा रही अपाँङ्गता परिचय वितरण गरिनेछ ।
- आत्महत्या रोकथाम, न्युनिकरण गर्न विभिन्न सचेतनामुलक कार्यक्रमहरु संचालन गरिने छ ।
- कडा खालका मानसिक वा मनोसामाजिक समस्या भएका व्यक्तिहरुलाई स्वास्थ्य बिमा तथा विशिष्टिकृत उपचारमा जोड्नकालागि बनाइएको कोषलाई थप बलियो बनाई नियमित संचालनमा ल्याउने ।
- विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापनका योजनाहरु अपाङ्गता तथा लैङ्गिकता समावेशी बनाउनुका साथै सो योजनाहरुमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोगका कुरा समेटिएको कुरा सुनिश्चित गरिने छ ।
- मानसिक स्वास्थ्य समस्या भएका ब्यक्तिहरूलाइ समाजले हेर्ने दृष्णिकोणमा सकारात्मक परिवर्तन ल्याउन र निरन्तर उपचारमा सहयोग गर्नको लागि आयआर्जन गतिविधिहरुमा सहयोग गरिनेछ ।

**साझेदार निकाय सँग समन्वय गरि कार्यान्व्यन गरिने निति तथा कार्यक्रम**
**स्वास्थ्य**

- मानसिक स्वास्थ्य तथा मनोसामाजिक नीति रणनैतिक कार्ययोजना तयार गर्ने तथा सोको प्रभावकारी कार्यान्वयनका निम्ती विभिन्न खालका प्रवर्धनात्मक, रोकथाममूलक कार्यक्रम र उपचारात्मक सेवा लागु गरिने छ।
- मनोसामाजिक सुस्वास्थ्यको प्रवर्धन गर्न तथा मानसिक रोग प्रतिको गलत धारणा, अन्धविश्वास, भ्रम र मिध्याकथन हटाउन विद्यालय र समुदायस्तरमा जनचेतना अभिबृद्धि गरिने छ।
- मानसिक स्वास्थ्य समस्या भएका व्यक्ती, मनोसामाजिक अपाँङ्गता भएका व्यक्तीहरुलाइ आधारभुत स्वास्थ्य सेवा नितीले अवलम्बन गरे अनुसार मानसिक स्वास्थ्य सेवामा सहज, सुलभ र समान पहुँच सुनिश्चित गरिने छ। सो को लागि आवश्यक स्रोत, साधन, जनशक्ति र संयन्त्रको ब्यवस्थापन क्रमश गरिदै लगिनेछ।
- बालबालिका किशोर किशोरी तथा सुनौलो हजार दिनका आमाहरुलाई मानसिक स्वास्थ्य कार्यक्रम संचालन गरिने छ।
- अपाङ्गता भएका व्यक्ति, मनोसमाजिक अपाङ्गता भएका व्यक्ति मानसिक स्वास्थ्य समस्या भएका व्यक्ति र हिंसा प्रभावित व्यक्तिलाई नेपाल सरकारले अवलम्बन गरेको स्वास्थ्य बिमा कार्यक्रममा क्रमशः समावेश गरि सेवा प्रवाहमा जोड दिइने छ।
- मानसिक वा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने औषधी र मनोपरामर्श सेवा नगरपालिकाले निःशुल्क उपलब्ध गराउनेछ। अपाङ्गता भएका ब्यक्तिहरुले पनि स्वास्थ्य सेवाबाट उपलब्ध गराईने सेवामा पहुँच बढाउनको लागि अपाङ्गतामैत्री संरचना लगायत पहुँच बढाउने खालको प्रविधि विकासमा जोड दिईनेछ।
- मनोसामाजिक अपाँङ्गता भएका व्यक्तीहरूलाइ प्रचलित कानून र निर्देशिकाको अधिनमा रही अपाँङ्गता परिचय वितरण गरिनेछ।
- आत्महत्या रोकथाम, न्युनिकरण गर्न विभिन्न सचेतनामुलक कार्यक्रमहरु संचालन गरिने छ।

- कडा खालका मानसिक वा मनोसामाजिक समस्या भएका व्यक्तिहरुलाई स्वास्थ्य बिमा तथा विशिष्टिकृत उपचारमा जोड्नका लागि बनाइएको कोषलाई थप बलियो बनाई नियमित संचालनमा ल्याउने ।
- विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापनका योजनाहरु अपाङ्गता तथा लैङ्गिकता समावेशी बनाउनुका साथै सो योजनाहरुमा मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोगका कुरा समेटिएको कुरा सुनिश्चित गरिने छ ।
- मानसिक स्वास्थ्य समस्या भएका ब्यक्तिहरूलाइ समाजले हेर्ने दृष्णिकोणमा सकारात्मक परिवर्तन ल्याउन र निरन्तर उपचारमा सहयोग गर्नको लागि आयआर्जन गतिविधिहरुमा सहयोग गरिनेछ ।
- मनोसामाजिक सहयोग र मानसिक स्वास्थ्यको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था, सरकारी संस्था तथा निजी क्षेत्रसँग बहुपक्षीय र बहुक्षेत्रीय समन्वय र सहकार्य गरिनेछ ।

**<u>शिक्षा</u>**

- अपाँङ्गता भएका व्यक्ती तथा वैदेशिक रोजगारीमा काम गर्ने सिलसिलामा मृत्यु भएका परिवारका बालबालिकालाइ शिक्षामा विशेष अवसर सुनिश्ति गरिने छ ।
- प्रत्येक विद्यालयमा विद्यार्थि मनोसमाजिक परामर्शका लागी व्यवस्था मिलाउन पहल गरिने छ र स्थानीय पाठ्यक्रममा मानसिक स्वास्थ्य सम्बन्धी विषय समावेश गरिने छ ।
- बालबालिकाको मानसिक स्वास्थ्य प्रवर्धनका लागि बालमैत्री कक्षाकोठा ब्यवस्थापन, सकारात्मक अनुशासन विधिको प्रयोग, जीवनोपयोगी सीपको अभ्यास, अभिभावक मनोशिक्षा अत्तिरित्त विद्यालयमा आधारित मनोसमाजिक प्रवर्धनात्मक लगायतका गतिविधिहरु विद्यालयहरुमा सञ्चालन गर्नको लागि शिक्षकहरुको क्षमता अभिबृद्धि गरी नियमित कार्यान्वयन गरिनेछ ।
- प्राकृतिक विपद, महामारी लगायतका समयमा बालबालिका, शिक्षक तथा अभिभावकमा देखिने डर, त्रास लगायतको मनोसामाजिक समस्यालाई सम्वोधन गरी पूर्ववत अवस्थामा ल्याउनको लागि जनशक्तिको विकास र परिचालन  विपद तथा महामारीजन्य परिस्थितीमा बालबालिकाहरुका लागि मनोसामाजिक सहयोग कार्यक्रम संचालन गरिनेछ ।
- मानव श्रोत तथा बिकास केन्द् सानोठिमीद्धारा तयार पारिएको विद्यालय मनोसामाजिक परामर्श  र शिक्षकहरुको तनाव ब्यवस्थापन सम्वन्धी तालिम प्याकेजको कार्यान्वियन गरी विद्यालयस्तरमा शिक्षकहरुको क्षमता अभिबृद्धि गरी सवै विद्यालयहरूमा क्रमश कार्यान्वयन गरिनेछ ।
- विपदको अवस्थामा प्रभावित ब्यक्तिहरुको लागि प्राथमिक मनोवैज्ञानिक सहयोग र विद्यालयस्तरमा समूहमा बेहोस हुने वा मास कन्र्भसन डिर्सअडरको ब्यवस्थापनको लागि दुर्त प्रतिकार्य टोलीको नियमित क्षमता अभिबृद्धि गरि यथासक्य छिटो सेवा प्रवाह गरिनेछ ।
- विद्यालयमा आत्महत्या रोकथाम तथा खसीव्युरी रोकथाम कार्यक्रम सचालन गरिनेछ ।
- आम सञ्चारका माध्यमबाट बालबालिका तथा किशोरकिशोरीहरुको मानसिक स्वास्थ्य, मनोसामाजिक समस्या र मनोसामाजिक सहयोगको बारेमा उपयुक्त भाषा, शैलीमा सूचनाका सामग्रीहरु तयार गरी प्रसारण गरिनेछ ।
- बालबालिका तथा किशोरकिशोरीको मानसिक स्वास्थ्यको बारेमा शिक्षक, अभिभावक, विद्यालय ब्यवस्थापन समिति र  शिक्षक अभिभावक संघ लाइ अभिमुखीकरण गरिने छ ।
- विद्यालयका पुराना भौतिक संरचनाहरु सुधार गर्दै नयाँ संरचनाहरु सबैको पहुँचयुक्त निर्माण गर्न पहल गरिने छ ।

- विद्यालयहरुमा गुनासो सुनुवाइ वाकसको प्रयोग र छुट्टै विद्यार्थी मनोसामाजिक परामर्श कक्षको व्यवस्थापनमा पहल गरिने छ।

**रोजगार**

- जटिल आर्थिक समस्यामा परेका, जीविकोपार्जनमा समेत असहज परिस्थीतिको समाना गरिरहेका द्धन्दप्रभावित व्यक्ति वा परिवारका सदस्य, अपागंता भएका व्यक्ति तथा वैदेशिक रोजगारीमा गएका व्यक्ति वा उनका परिवारका सदस्यहरुलाई पालिकाद्धारा संचालन गरिरहेका विभिन्न आय र वा सीपमुलक क्रियाकलापहरुमा जोड्दै आर्थिक **उपार्जनका कार्यक्रमहरु गरिनेछ।**

**विविध**

- सशस्त्र द्धन्दका कारण मृतक, बेपत्ता पारिएका परिवार, अपागंता भएका परिवार वा प्रत्यक्ष प्रभावित परिवारवा उनका सदस्यहरुलाई राज्यले प्रत्याभुत गरे अनुरुप परिपुरणका विभिन्न क्रियाकलापमहरु संचालन गरिनेछ।
- अपाङ्गता परिचय पत्र वितरणलाई सहज र वैज्ञानिक बनाउनकालागि स्थानिय समन्वय समितिको क्षमता अभिबृद्धि गर्ने।
- जनस्वास्थ्य, शिक्षा, महिला बालबालिका तथा सामाजिक सुरक्षा लगायतका नियमित कार्यक्रम जस्तै सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, बालस्वास्थ्य, विद्यालय स्वास्थ्य, लैङ्गिक हिंसा रोकथाम, किशोरकिशोरी शिक्षा, महिला स्वास्थ्य स्वयंसेविका, सुरक्षित आप्रवसान जस्ता लक्षित कार्यक्रम आदिमा मानसिक स्वास्थ्यलाई एकीकृत गर्दै लगिनेछ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण :**

१. वन्चितीकरणमा परेका समुदायका किशोर किशोरीहरुको क्षमता विकास र आय आर्जनका क्रियाकलाप संचालन गरिने छ।

२. खाँडाचक्र नगरपालिका भित्रका दलित समुदायलाई समानुपातिक समावेशी तथा अर्थपुर्ण सहभागितामा पहुँच अभिवृद्धि गरी सीपविकास, स्वरोजगारमुलक, आत्मनिर्भर कार्यकमा मार्फत सेवामा पहुँच अभिवृद्धि गरिने छ।

३. यस नगरपालिका भित्रका द्धन्द प्रभावित टुहुरा, अनाथ, हराएका, वेवारिसे अवस्थामा फेला परेका, बाबु आमा वा संरक्षकबाट बन्चित भएका, यौन शोषण, यौन दूर्व्यवहार, बेचबिखनमा परेका, सडक आश्रित, कुनै दुर्घटना, मानव सिर्जित वा प्राकृतिक प्रकोप वा विपदमा परेका, विपन्न तथा जेहेन्दार वालवालिकाहरुको लागि ब्यवस्था मिलाईने छ।

४. घरेलु हिंसा, लैंगिक हिंसा, बालश्रम, जातिय बिभेद अन्त्य गर्नका लागि लक्षित बर्गको बजेटबाट बिशेष कार्यक्रम बनाई अभियानको रुपमा संचालन गरिने छ। साथै उक्त घोषणा गर्ने गाउँ टोल र वडाहरुलाई बिशेष पुरस्कारको ब्यबस्था मिलाईने छ।

५. वालविवाह न्यूनीकरण गर्न प्रभावकारी नीति अवलम्वन गरिने छ।

६. यस नगरपालिका भित्रका लक्षित वर्गहरु महिला, जनजाती, दलित, फरक क्षमता भएका, जेष्ठ नागरिक, एकल महिला, द्धन्द पिडित, घाईते तथा वालवालिका लगायत अन्य समुहका लागि आयआर्जनमुलक कार्यकम संचालन गरी आत्म निर्भर वनाउन आवश्यक बजेटको ब्यवस्था मिलाईने छ।

७. यस नगरपालिकाको सूचना प्रणालीलाई चुस्त र दुरुस्त राखी सेवाग्राहीलाई सूचनाको हक अनुभुती हुने गरी पारदर्शी तथा प्रभावकारीरुपमा ब्यवस्था मिलाईने छ।

८. लैगिंक समानता तथा सामाजिक समावेशिकरणका लागि महिला, एकल महिला, दलित, अल्पसंख्यक जात/जाति, सामाजिक भेदभाव, न्यूनिकरण गर्न शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशिलता व्यवसायिक तालिम प्रदान गर्ने ब्यवस्था मिलाईने छ।

९. महिला अधिकार र कर्तव्य सुनिश्चितताका लागि सबै टोलहरुमा वालक्लव, किशोर किशोरी समुहको पहुँच पुर्याउन समिति/समुहहरुलाई पालिकामा दर्ता गरी व्यवस्थित र जवाफदेहिता बढाउने नीतिलाई अवलम्वन गरिनेछ।

१०. समुदायमा योगदान गर्ने व्यक्ति, सघं सस्था, एवं जेष्ठ नागरिकहरुलाई सम्मान तथा सहयोग कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईने छ।

- वाल विवाह न्यूनिकरण र लैगिंक हिंसा विरुद्धका क्षेत्रमा विभिन्न सचेतनामुलक कार्यक्रम संचालन गरी वालविवाह न्यूनिकरणमा आवश्यक वजेटको व्यवस्थापन गरिने छ ।
- वालमैत्री स्थानीय वडा तथा पालिका घोषणाका लागि आवश्यक वजेट तथा कार्यक्रमको व्यवस्थापन गरिने छ ।
- सवै वडाहरुमा वाल क्लव, वाल संरक्षण समिति र वालमैत्री स्थानीय शासन समितिको गठन गरी सक्रिय रुपमा अगाडि वढाईने छ ।
- विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा पुर्व तयारीका लागि आवश्यक पहलका साथै राहत सामग्रीहरुको व्यवस्थापन गरिने छ ।
- जटिल आर्थिक समस्यामा परेका, जीविकोपार्जनमा समेत असहज परिस्थीतिको समाना गरिरहेका द्धन्दप्रभावित व्यक्ति वा परिवारका सदस्य, अपागंता भएका व्यक्ति तथा वैदेशिक रोजगारीमा गएका व्यक्ति वा उनका परिवारका सदस्यहरुलाई पालिकाद्धारा संचालन गरिरहेका विभिन्न आय र वा सीपमुलक क्रियाकलापहरुमा जोड्दै आर्थिक उपार्जनका कार्यक्रमहरु गरिनेछ ।
- 

**भाषा तथा साँस्कृतिक :**

१. परम्परागत ज्ञान सिप र कलाको संरक्षण प्रर्बद्धन र बिकास गरी नयाँ पुस्ताका लागि हस्तान्तरण गर्ने वातावरणको सृजना गरिने छ।

२. स्थानीय श्रोत साधनबाट निर्माण गरिएका बस्तुहरुको बजारीकरण गर्न कोसेली घरको स्थापना गरिने छ।

३. परम्परागत भाषा संस्कृतिको जगेर्ना गर्दै प्रंचार प्रसारमा विशेष जोड दिईने छ।

४. यस नगरपालिका भित्रका विभिन्न धार्मिक, पुरातात्विक, सास्कृतिक सम्पदाको संरक्षण गर्दै पर्यटन विकास मार्फत स्वरोजगारको सृजना गरिने छ।

## ग) पुर्वाधार विकास क्षेत्र

१. यस खाँडाचक्र नगरपालिकावाट हालसम्म सडक संजालमा नजोडिएको वडा नं ११ को वडा केन्द्र सम्म सडक संजाल जोड्न आ.व. २०८१/०८२ मा पुऱ्याउने लक्ष्यका साथ विशेष वजेटको व्यवस्थाका लागि सम्वन्धित निकायमा पहल गरिने छ।

२. यस नगरपालिका भित्रका निर्माण भई सकेका र निर्माणाधिन अबस्थामा रहेका सडकहरुको सडक स्तर कायम राख्न तथा नियमित मर्मत सम्भार गर्नका लागि सडक बोर्ड नेपाल तथा नगरपालिकाको साझेदारीमा नियमित मर्मत सम्भार कार्यलाई थप निरन्तरता दिइने छ।

३. खाँडाचक्र नगरपालिका र वडा कार्यालयहरुको आफ्नै भवन नभएकाले भौतिक संरचना निर्माणका लागि आवश्यक जग्गा उपलव्ध गराई भवन निमार्ण कार्यको लागि सम्वन्धित निकायको समन्वयमा आवश्यक बजेटको व्यवस्थापन गरि भवन निर्माण गरिने छ

४. यस नगरपालिकाको क्षेत्र भित्र नदी, नाला तथा खोलाहरुमा आबश्यकता अनुसार निमार्ण हुन वाकीं पक्की पुल, झो.पु., कल्भर्ट निर्माणका लागि प्राथमिकताका आधारमा निर्माण कार्य अघि वढाउन सम्वन्धित निकायमा आवश्यक पहल गरिने छ।

५. यस नगरपालिका भित्रका विद्युत लाईन विस्तार हुन बाँकी वडाहरुमा आगामी आ.व. २०८१/०८२ मा विद्युतीय लाईन विस्तार तथा सुधार गरी वत्ति वाल्न पहल गरिने छ ।

६. यस खाँडाचक्र नगर सभावाट विधिवतरुपमा छनौट भई आएका तथा नगरपालिकाले आवश्यकता महशुस गरेका पुर्वाधार लगायत अन्य योजना तथा आयोजनाहरु संचालनका लागि संघीय सरकार, प्रदेश सरकार र विभिन्न दातृ निकायहरु लगायत विकास साझेदार निकायहरुसंग समन्वय गरी योजना कार्यान्वयनका लागि विशेष पहल गरिने छ ।

७. यस नगरपालिकाको वडा नं. ५ ढाडगाउ लगायतका अन्य संभावित ठाउहरुमा लिफ्ट सिचाई योजना संचालनका लागि विशेष पहल गरिने छ ।

८. शहिद, वेपत्ता, घाईते, अपांग तथा अति विपन्न परिवारहरुका लागि आवास कार्यक्रम संचालन गर्न पहल गरिने छ ।

९. वैकल्पिक उर्जा कार्यक्रम संचालनका लागि सार्वजनिक जग्गाको ब्यवस्था गरिने छ ।

१०. यस नगरपालिकाका नागरिकहरुलाई विशेषज्ञ स्वास्थ्य सेवामा पहुच वृद्धि गर्न नगर अस्पताल निर्माण तथा संचालनका लागि सम्वन्धि निकायमा आवश्यक पहल गरिने छ ।

११. यस नगरपालिकाका युवाहरुको खेदकूद विकासका लागि नगर रंगशाला निर्माण गर्न विशेष पहल गरिने छ ।

१२. कालिकोट जिल्ला स्थित ताडिमा रहेको कालिकोट जिल्लाकै एक मात्र वसपार्कलाई स्तरोन्नती गरी ब्यवस्थित तरिकाले सुचारु गर्नका लागि विशेष ब्यवस्था गरिने छ ।

१३. खाँडाचक्र नगरपालिकाको गिठापानी - डोल्पाटा - सिम्डील - थक्लेनी - रेंगिल हुदै कर्णाली करिडोर जोडने सडक निर्माण तथा सुधार गर्न आवश्यक पर्ने वजेट ब्यवस्थाका लागि सम्वन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**घ.) सुशासन तथा अन्तर सम्वन्धित**

**विपद् ब्यवस्थापन**

१. यस नगरपालिका भित्रका स्वच्छ वातावरण कायम राख्न वजार व्यवस्थापन र फोहोर मैला व्यवस्थापनका लागि योजना निमार्ण गरि सरसफाइ कार्य लाई प्रभावकारीरुपमा कार्यान्वयन गरिने छ ।

२. यस नगरपालिका क्षेत्र भित्र आइपर्ने वाढी पहिरो, आगलागी जस्ता विपद्वाट पिडित घर परिवार तथा व्यक्तिलाई तत्काल उद्दार तथा राहत पुर्नस्थापनाका लागि विपद व्यवस्थापन कोषको व्यवस्था गरिएको छ ।

३. यस नगरपालिकाको सम्पुर्ण नाङ्गा डाँडापाखा, खाली जमिनमा वृक्षारोपण गरी हरियाली नगर वनाउन प्रत्येक वडामा कृषि तथा वन नर्सरी निर्माणका लागि आवश्यक कार्यक्रम वनाई कार्यान्वयन गरिने छ ।

४. यस नगरपालिका भित्रका सम्पुर्ण सामुदायिक वनहरुलाई सुचिकृत गरी दिगो वन ब्यबस्थापनको कार्यमा राम्रो काम गर्ने सामुदायिक वन उपभोक्ता समुहहरुलाई मापदण्ड निर्धारण गरी पुरस्कृत गर्ने ब्यबस्था मिलाईने छ ।

५. यस नगरपालिकाको नगर प्रोफाईल तयारीका लागि विभिन्न दातृ निकायहरुसंग समन्वय गरी डिजिटल प्रोफाईल तयार गर्न आवश्यक ब्यवस्था मिलाईने छ ।

६. यस नगरपालिकाका क्षेत्र भित्रका पानीका स्रोतहरु, संवेदनशिल एवं संकटासन्नता र जोखिममा रहेका स्थानहरुमा वृक्षारोपण गर्ने, मुहान संरक्षण र सदुपयोग गर्ने र व्यवस्थित सिंचाई व्यवस्थापन गरिने छ ।

७. यस नगरपालिकाका कृषि योग्य भूमीमा दिगो एवं भरपर्दो सिचाई सुविधा बढाउन जलशायहरुको मुहान संरक्षण र वृक्षारोपण (जडीबुटी, फलफूल, घाँसे विरुवा) गरी कृषि र पशुपालनको क्षेत्र सुधार गरिने छ ।

८ विपद जोखिम न्यूनिकरण र जलवायू परिवर्तन अनूकूलनसँग सम्बन्धित “पूर्व तयारी तथा प्रतिकार्य योजना”, “विपद व्यवस्थापन कोष संचालन कार्यविधि” व्यवस्थापन ऐन निर्माण परिमार्जन गरी पूर्ण रुपमा कार्यान्वयनमा ल्याईने छ ।

९. पालिकामा गठन भएको नगर स्तरीय विपद ब्यवस्थापन समितिले यस नगरपालिकामा आपतकालिन कार्य संचालन केन्द्र (LEOC) लाई व्यवस्थित गराई विपदसँग सम्बन्धित सूचना तथा जानकारीहरु एकद्धार प्रणाली मार्फत गराईने छ ।

१०.. मौसम पुर्वानुमान प्रविधि र उपकरणको प्रयोगका लागी एफ. एम. रेडियोहरु मार्फत सूचना प्रसार गर्ने साथै बनेका निति तथा निर्देशिकाहरु समय अनुकुल update गरीनेछ ।

११. वढ्दो जलवायु परिवर्तनलाई न्यूनिकरण गर्न यस नगरपालिका भित्रका सवै घरधुरीमा सुधारीएको चुलो वितरण कार्यलाई निरन्तरता दिई पम्परागत चुलोमा हुने दाउराको खपत कम गर्नुका साथै वनजंगलको विनासलाई न्यूनीकरण गरी महिला तथा वालवालिकाहरुमा धुवाबाट हुने असरहरुको कमी गरिने छ ।

- सशस्त्र द्धन्दका कारण मृतक, बेपत्ता पारिएका परिवार, अपागंता भएका परिवार वा प्रत्यक्ष प्रभावित परिवार वा उनका सदस्यहरुलाई राज्यले प्रत्याभुत गरे अनुरुप परिपुरणका विभिन्न क्रियाकलापमहरु संचालन गरिनेछ ।
- अपाङ्गता परिचय पत्र वितरणलाई सहज र वैज्ञानिक बनाउनकालागि स्थानिय समन्वय समितिको क्षमता अभिबृद्धि गर्ने ।
- जनस्वास्थ्य, शिक्षा, महिला बालबालिका तथा सामाजिक सुरक्षा लगायतका नियमित कार्यक्रम जस्तै सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, बालस्वास्थ्य, विद्यालय स्वास्थ्य, लैङ्गिक हिंसा रोकथाम, किशोरकिशोरी शिक्षा, महिला स्वास्थ्य स्वयंसेविका, सुरक्षित आप्रवसान जस्ता लक्षित कार्यक्रम आदिमा मानसिक स्वास्थ्यलाई एकीकृत गर्दै लगिनेछ ।

**मानव संसाधन विकास**

१. मानव संसाधन विकासका लागि सम्पुर्ण पदाधिकारी, कर्मचारीहरुको क्षमता विकासका साथै थप ज्ञान, सीप र दक्षताका लागि तालिम गोष्ठी, अन्तरक्रिया, अध्ययन तथा अवलोकन भ्रमण जस्ता कार्यक्रमलाई निरन्तरता दिइने छ ।

२. यस नगरपालिकाको आ.व. २०८१/०८२ को विनियोजित नीति, कार्यक्रम तथा बजेट कार्यान्वयन गर्नका लागि वार्षिक/अर्ध वार्षिक/चौमासिक कार्ययोजना/कार्यतालिका निर्माण गरी कार्यान्वयन गरिने छ । सो कार्यतालिका वमोजिमका सम्पुर्ण भए गरेका काम कार्यको सार्वजनिक सुनुवाइ गरिने छ ।

३. यस नगरपालिका भित्रका विभिन्न वडाहरु तथा नगरपालिका राजश्व असुली कार्यलाई व्यवस्थीत गर्न सफ्टवेयर प्रणाली जडानका लागि आवश्यक ब्यवस्था गरिने छ ।

४. नगरपालिका क्षेत्र भित्र हुने विभिन्न कार्यक्रम, पैरवी, गोष्ठी, भेला, समिति गठन जस्ता कार्यको कार्यान्वयनमा महिला, अपाङ्गता भएका व्यक्ती, दलित, आदिवासी/जनजाती तथा ऐतिहासिकरुपमा वञ्चितीमा परेका सिमान्तकृत वर्गको प्रतिनिधित्व तथा अर्थपूर्ण सहभागिताको सुनिश्चित हुने किसिमको नीति लिइने छ । सामाजिक कुरितीकोरुपमा रहेको जातीय छुवाछुत, छाउपडी, बोक्सी, बाल बिवाह घरेलु हिंसा लगायतको क्रियाकलापलाई दण्डनीय बनाई त्यस्तो कुरीतिको अन्त्य गर्ने नीति लिइने छ ।

५. यस नगरपालिकाका सवै वडाहरुमा सामाजिक सुरक्षा तथा ब्यक्तिगत घटना दर्ता कार्यक्रममा छुटेका नगारिकहरुलाई अनलाईन प्रणालीमा ब्यस्थित गर्न विशेष पहल गरिने छ ।

६. नगरपालिकाको सम्पूर्ण कारवाहीलाई आ.व.२०८१/८२ देखि सूचना प्रविधिमैत्री निर्माणका लागि डिजिटाईज प्रविधिवाट प्रविष्ट गर्दै लैजाने ब्यवसथा गरिने छ ।

७. नगरपालिकाको समग्र उन्नती र प्रगतीका लागि Welcome to development partner (विकास साझेदारहरुलाई स्वागत) गर्ने नीतिको विकास गरिने छ ।

८. पातरखोला पिडितहरु सँग संवाद,मेलमिलापका साथै सामाजिक एकता र सद्भाव कायम गरिनेछ ।

९. सशक्त महिला,बालबालिका,जेष्ठ नागरिक ,किशोरकिशोरी,अपागं दलित तथा समृद्ध खाँडाचक्र गरपालिका निर्माणको लागि पहल कदमी र बजेट बिनियोजन गरिनेछ ।

**सभा अध्यक्ष महोदय,**

अव म आ.व. २०८१/०८२ को आय ब्यय अनुमानको प्रगती विवरण पेश गर्न अनुमती चाहन्छु ।

**आय तर्फ**

नेपाल सरकारको अनुदान अन्तर्गत सशर्त अनुदान चालु तर्फ २१ करोड ४७ लाख ,सशर्त पुजिगत तर्फ १ करोड ९० लाख रुपैया, वित्तिय समानीकरण अनुदान तर्फ रु. ११ करोड ६० लाख, राजश्व वाँडफाड तर्फ ९ करोड ३२ लाख ९९ हजार ९ सय ९९ रुपैया, समपुरक अनुदान भवन निर्माण तर्फ १ करोड ५० गरि जम्मा रु. **४५ करोड ७९ लाख ९९ हजार ९ सय ९९ रुपैया प्राप्त भएको छ ।**

कर्णाली प्रदेश सरकारवाट सशर्त अनुदान चालु तर्फ रु. २० लाख ९३ हजार रुपैया, सशर्त अनुदान पुँजिगत तर्फ रु. ३ करोड ४१ लाख ,वित्तिय समानीकरण अनुदान तर्फ रु. १ करोड ३८ लाख ८८ हजार , विशेष अनुदान तर्फ ५० लाख , समपूरक अनुदान तर्फ रु १ करोड ८४ लाख ,राजश्व बाँडफाड तर्फ रु१९ लाख ५९ हजार ७६ रुँपैया गरी जम्मा ७ करोड ५३ लाख ८६ हजार ९ सय ७६ रुपैया प्राप्त भएको छ ।

**आन्तरीक आय तर्फ** रु. ५० लाख ९२ हजार ४ सय ६९ रुपैँया तथा दातृ निकाय बाट प्राप्त हुने (यूनिसेफ ) रु १ करोड गरी जम्मा रु ५४ करोड ३९ लाख ८६ हजार ९ सय ७६ रुपैँया प्राप्त भएको छ ।

**ब्यय तर्फ :**

शाखा तथा वडा कार्यालयले बजेट ब्रेकडाउन गरेपश्चात चालु र पुँजिगत प्रकृतिको बजेट गरी कुल जम्मा रु ५४ करोड ३९ लाख ८६ हजार ९ सय ७६ रुपैँया ब्यय हुने अनुान गरिएको छ ।

**सभा अध्यक्ष महोदय,**

**अन्तमा,**

यस गरिमामय सभामा उपस्थित हुनु भएका सभाका सदस्य ज्युहरु, कर्मचारीहरु आमन्त्रीत महानुभावहरु तथा साझेदार सहभागितात्मक योजना तर्जुमा प्रकृयामा सहयोग पुर्‍याउनु हुने सम्पुर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै प्रस्तावित नीति, कार्यक्रम तथा बजेटले नगरवासीको चाहाना र आवश्यकतालाई परिपुर्ति गर्न सफल हुनेछ भन्ने विश्वास राख्दै सफल कार्यान्वयनमा समेत यहाँहरुको रचनात्मक सुझाव सहित नीति, कार्यक्रम तथा बजेट यही अन्त्य भएको सम्मानीत गरीमामय सभा समक्ष जानकारी गराउँदछु ।

धन्यवाद ।

गणेशवहादुर शाही
नगर उप प्रमुख
२०८१ आषाढ १० गते